# सातौं नगर सभामा प्रस्तुत
# आर्थिक वर्ष २०७७/०७८ को
# बजेट, नीति तथा कार्यक्रम

## तारकेश्वर नगरपालिका

### काठमाडौं जिल्ला

### बागमती प्रदेश, नेपाल

### २०७७

**सभाध्यक्ष महोदय,**

**नगरसभाका सदस्यज्यूहरु,**

**नगरकार्यपालिकाका कर्मचारीहरु,**

**पत्रकारज्यूहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु**

सर्वप्रथम नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता स्वधिनता राष्ट्रिय हित लोकतन्त्रका लागि सम्पन्न भएका आन्दोलनहरुमा आफ्नो अमूल्य जिवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । कोरोना भाईरस (कोभिड-१९) रोगका कारण मानबजाती माथी नै शताब्दी कै सबैभन्दा ठूलो संकट पैदा भएको अबस्थामा उक्त रोगबाट संक्रमित भई स्वदेश तथा बिदेशमा आफ्नो अमूल्य जीवन गुमाउनु हुने नेपाली लगायत विश्वभरका नागरिकहरु प्रति श्रद्धान्जली व्यक्त गर्दछौं । शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दै उपचारत सम्पूर्ण दिदीबहिनी तथा दाजूभाइहरुको शिघ्र स्वास्थ लाभको कामना गर्दछौं ।

नेपालको संविधानको कार्यान्वयनसँगै तीन तहका सरकार गठन भई देश समृद्धि र विकासतर्फ अगाडि बढिरहेको सन्दर्भमा सम्पूर्ण विश्व नै कोभिड-१९ (कोरोना भाइरस) को महामारीले सिर्जना गरेको चुनौतीपूर्ण र असहज परिस्थितिका बीच तारकेश्वर नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु परेको छ ।

संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने नेपालको संविधानको मर्मअनुरुप कानुन सम्मत रुपमा तीनै तहका सरकारको समन्वयमा कोभिड-१९(कोरोना भाइरस) संक्रमण रोकथाम र नियन्त्रण गर्न तारकेश्वर नगरपालिका प्रतिबद्ध रहेको ब्यहोरा नगरसभा समक्ष जानकारी गराउन चाहन्छु ।

नगरपालिकाको **"कोभिड-१९ (कोरोना भाइरस) रोकथाम र नियन्त्रण उपचार केरोना कोष"** मा सहयोग गर्नुहुने सम्पूर्ण ब्यक्ति, सरकारी, संघसंस्था, गैह्रसरकारी संस्था एवं दाताहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । कोभिड-१९ रोकथाम र नियन्त्रणमा अहोरात्र

खट्नु हुने तारकेश्वर नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, राजनैतिक दलहरु, सम्पूर्ण स्वास्थकर्मीहरु, कर्मचारीहरु, सुरक्षाकर्मीहरु, संचारकर्मीहरु, संघसंस्थाहरु एवं नगरवासीहरुलाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) ले आगामी दिनमा आम नागरिकको जीवन निर्वाहमा समेत थप कठिनाई ल्याउन सक्ने देखिन्छ । यस घडीमा सबै नगरवासीहरुलाई कोभिड-१९ रोगबाट सुरक्षित रहन, अत्याबश्यक काम बाहेक घरबाट बाहिर ननिस्कन र सुरक्षाका उपायहरु अबलम्बन गर्न पनि हार्दिक अपिल गर्दछौं । संघीय तथा प्रदेश सरकारले अबलम्बन गरेको नीतिलाई आधार मान्दै स्वस्थ जीवनको निर्माण र उत्पादनशील क्षेत्रतर्फ नगरपालिका केन्द्रित हुन पर्ने हुन्छ । यस बिषम परिस्थितिमा आगामी आर्थिक वर्षको अधिकांश वजेट विनियोजन र कार्यान्वयन यसैतर्फ प्रवाह गर्नुपर्ने अवस्था रहेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यबस्था सफल र व्यवहारिक कार्यान्वयनमा हामी रहेका छौं । नगरपालिकाको समग्र विकासका लागि यहाँहरुको निरन्तर सहयोग र साथ हुँदै आएकोमा नगरपालिका परिवार आभार प्रकट गर्दै आउँदा दिनमा थप सकारात्मक सहयोगको अपेक्षा गरेका छौं । आज तारकेश्वर नगरपालिकाको सातौं नगर सभा हुन गईरहेको छ । सातौं नगरसभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई नगरपालिकाको तर्फवाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछौं ।

भौगोलिक तथा श्रोत साधनहरुको उपलब्धताको दृष्टिले पनि तारकेश्वर नगरपालिका विविधताले भरिएको छ भने प्राकृतिक श्रोत साधनको सम्भाव्यता, उपलब्धता आर्थिक तथा सामाजिक विकासका पूर्वाधार र संस्थागत क्षमतामा समेत भिन्नता रहेको छ । यिनै विविधता र भिन्नताहरुको बिद्यमानताका बिच उपलब्ध श्रोत साधनको अधिकतम उपयोग गरि आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक, सामाजिक र भौतिक पूर्वाधार बिकासका लागि अल्पकालीन, मध्यकालीन र दिर्घकालीन वजेट तथा कार्यक्रम तर्जुमा गरि कार्यान्वयनको जिम्मेवारी हामीमा नै रहेको छ । यो जिम्मेवारी बहन गर्ने क्रममा नगरपालिकाको क्षेत्रको

समष्टिगत बिकासका लागि आवश्यक बार्षिक बिकास योजना बनाई कार्यान्वयन गर्नु पर्ने कानूनी प्रावधान रहेको छ । हालको बिषम परिस्थितिमा नगरपालिकाले बिकासका प्राथमिकता समेत परिवर्तन गर्नु पर्ने देखिएको छ ।

नगरसभा सदस्यज्यूहरु अहिले कोरोना संक्रमणको कारण सिर्जित लकडाउनले गर्दा राजश्व असुलीमा संकुचन आएको छ । लक्ष्य अनुरुपको राजश्व प्राप्ती नहुने अवस्था छ । विकासको अवस्थामा असर पारेको छ । यस परिस्थितिका कारण चालु आर्थिक वर्ष ०७६।०७७ मा लक्ष्य लिइएका विकास निर्माणका कार्यहरु सम्पन्न गरी विकासलाई सही गति प्रदान गर्न नगरपालिकाको उद्धेश्य अपेक्षित रुपमा पुरा हुन सक्ने देखिदैन । चालु आ.व. ०७६/०७७ मा लकडाउनको कारणले सम्पन्न हुन नसकेका आयोजनाहरु आगामी आ.व. ०७७/०७८ को प्रथम चौमासिक अवधि सम्म कार्यान्वयन गर्ने गरी निरन्तरता दिने ब्यहोरा जानकारी गराउँदछु ।

अहिले हामी चालु आ.ब. को अन्तिम संघारमा उभिएका छौं । यस आ.ब. मा केही कार्यक्रमहरु कोभिड-१९ को कारणले सम्पन्न गर्न बाँकी छन् । आगामी आ.ब. २०७७।७८ को वजेट बनाउनु पर्ने चुनौती पनि हाम्रो सामु रहेको छ । यस पृष्ठभूमिमा वजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा केही महत्वपूर्ण समितिहरु श्रोत अनुमान समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति र अन्य बिषयगत समितिहरुका राय सुझाब, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मार्ग निर्देशन, कोभिड-१९ को संबेदनशिलता योजना तर्जुमा ढाँचा आदिलाई आधार मानी कार्यपालिका बैठकबाट प्रस्ताबित विनियोजन विधेयक, २०७७, आर्थिक विधेयक, २०७७ र अन्य नीतिगत निर्णयहरु नगरसभा समक्ष प्रस्तुत गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**नगरसभाका सदस्यज्यूहरु,**

**अब म नगरपालिकाको आ.ब. २०७६/०७७ मा विनियोजित वजेटको संक्षिप्त प्रगति समिक्षा प्रस्तुत गर्न चाहन्छु।**

चालु आर्थिक बर्षमा रु. १ अर्ब ६२ करोड ५६ हजार रुपैयाँ (छैठौं नगरसभाबाट संशोधित समेत) विनियोजित भएकोमा कुल विनियोजित रकम मध्ये २०७७ जेठ मसान्त सम्म रु. ५६ करोड ५६ लाख ४० हजार ७ सय २ अर्थात ३४.९० प्रतिशत कूल खर्च रहेको छ। जस अन्तर्गत चालू तर्फ रु. ४८ करोड १२ लाख विनियोजन भएकोमा २०७७ जेठ मसान्त सम्म रु. ३८ करोड २ लाख ५४ हजार १ सय २५ अर्थात ७९.०२ प्रतिशत र पुँजीगत तर्फ रु. १ अर्ब १३ करोड ८८ लाख ५६ हजार विनियोजन भएकोमा २०७७ जेठ मसान्त सम्म रु. १८ करोड ५३ लाख ८६ हजार ५ सय ७७ अर्थात १६.२७ प्रतिशत खर्च भएको छ।

**१) आर्थिक क्षेत्र तर्फः**

**क) कृषि**

नगरपालिकाको कृषि क्षेत्रलाई शशर्त अनुदान तर्फ रु २६ लाख प्राप्त भएकोमा २३ लाख २८ हजार ८ सय पचास खर्च भएको र नगरपालिकाबाट विनियोजित रु ३० लाख रकमबाट १९ लाख ५६ हजार ४ सय ९२ रुपैयाँ खर्च भएको छ।

**ख) पशु सेवा**

नगरपालिकालाई पशु सेवा कार्यक्रम तर्फ शशर्त अनुदान रु ६ लाख ४५ हजार र नगरपालिकाबाट विनियोजित रु ३८ लाख ९५ हजार गरी जम्मा बजेट रु ४५ लाख ४० हजार विनियोजन भएकोमा रु २४ लाख ५ हजार मात्र खर्च भएको छ।

**ग) पर्यटन**

स्थानीय पर्यटन विकासका लागि नगर स्तरीय पर्यटन समिति गठन गरी निजी क्षेत्र समेतलाई समेट्ने पहल गरिएको छ ।

**घ) सहकारी**

सहकारी क्षेत्रको विकासका लागि सबै नगरबासीहरुलाई सहकारीमा आबद्ध गराउने उदेश्यका साथ सहकारी ऐन, २०७६ पारित गरिएको र सहकारी नियमावलीको अन्तिमरुप दिने कार्य भइरहेको छ । साथै नगर सहकारी समन्वय समितिको गठन गरिएको छ ।

**ङ) उद्योग तथा वाणिज्य**

उद्योग तथा बाणिज्य क्षेत्र तर्फ उपभोक्ता हकहितको लागि बजारको अस्वभाबिक गतिविधि नियन्त्रण गर्न बजार अनुगमन निर्देशिका तयार गरि अनुगमन कार्यलाई अगाडी बढाईएको छ ।

**२) सामाजिक विकास क्षेत्र तर्फः**

**क) स्वास्थ्य**

नगरपालिकाको स्वास्थ्य क्षेत्रलाई शशर्त अनुदान तर्फ रु. ३ करोड ८१ लाख ६ हजार प्राप्त भएकोमा रु. ३ करोड ६४ लाख २९ हजार ३ सय २२ खर्च भएको र नगरपालिकाबाट विनियोजित रु. ७५ लाखमा रु. ५५ लाख ६७ हजार ४ सय ८ रुपैयाँ खर्च भएको छ ।

कोरोना भाईरस कोभिड-१९ रोकथाम र नियन्त्रण गर्न जनचेतनामुलक कार्यक्रम, राहत बितरण, क्वारेन्टिन निर्माण र आबश्यक सामाग्री व्यबस्थापन, २ चरणको आर.डि.टि. परिक्षण, लगायतका कार्यहरुका लागि निरन्तर रुपमा जनप्रतिनिधिहरु, स्वास्थकर्मीहरु, आबश्यक कर्मचारीहरु, स्वयम्सेबकहरु, राजनैतिक दलका प्रतिनिधिहरु, रेडक्रसकर्मीहरु, सुरक्षाकर्मीहरुको परिचालनमा पहिलो चरण को कार्यक्रम सम्पन्न भएको छ ।

उक्त पहिलो चरणको कार्यक्रममा प्रचारप्रसार, आबश्यक औषधी, मास्क, पन्जा, सेनिटाईजर, डिस्ईन्फेक्सन कार्य, क्वारेन्टिनका सामाग्रीहरु खरिद समेतमा रु ९ लाख १६ हजार ६ सय ३ र राहत बितरण कार्यमा रु १ करोड ९७ लाख ८७ हजार ४ सय समेत

गरी जम्मा रकम रु २ करोड ७ लाख ३ हजार ३ नगरपालिकाको कोरोना कोषबाट खर्च गरिएको छ ।

कोरोना भाईरस (कोभिड-१९) रोकथाम र नियन्त्रण कार्यमा नगरपालिकाबाट रु २ करोड र नगरपालिकामा कार्यरत कर्मचारी एवं शिक्षकहरु समेत बाट रु १६ लाख २२ हजार ८ सय ३७ साथै विभिन्न संघ संस्थाहरुबाट रु २ लाख ९२ हजार ३ सय २३ गरी जम्मा रु २ करोड १९ लाख १५ हजार १ सय ६ को कोष गठन भएको छ । उक्त कोषमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुलाई नगरपालिकाको तर्फबाट हार्दिक धन्यबाद दिन चाहन्छौं ।

**ख) शिक्षा**

नगरपालिकाको शिक्षा क्षेत्रको कार्यक्रममा शशर्त अनुदान तर्फ रु २२ करोड १८ लाख ०६ हजार प्राप्त भएकोमा १९ करोड २८ लाख ५३ हजार खर्च भएको र नगरपालिकाबाट विनियोजित रु ७४ लाख रकमबाट ४२ लाख ६७ हजार रुपैयाँ खर्च भएको छ ।

**घ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला विकास तर्फ)**

नगरपालिकालाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रममा शशर्त अनुदान रु ६ लाख र नगरपालिकाबाट विनियोजित रु ३० लाख गरी जम्मा बजेट रु ३६ लाख विनियोजन भएकोमा कोभिड-१९ को कारणले रु १३ लाख ९८ हजार २ सय मात्र खर्च भएको छ ।

**३) पूर्बाधार बिकासः**

- ❖ जिल्ला समन्वय समिति, काठमाडौंको साझेदारीमा तारकेश्वर नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्य बहुबर्षीय योजना अन्तर्गत राखी यस आ.व. मा ठेक्का बन्दोबस्त भई प्राविधिक मूल्याङ्कनको अन्तिम चरणमा रहेको छ ।
- ❖ नगरपालिकाको समग्र विकासका लागि गरिएका हाल सम्मका कार्यक्रम र भएका प्रगतिका सम्वन्धमा समिक्षा गर्दा नगरपालिकाले नगरस्तरिय योजना अन्तर्गत जरङ्कू चिसापानी तीनपिप्ले सडक खण्डमा ३५० मि. सडक पिच तथा ३०० मि. सडक

ढलान गर्ने कार्य सम्पन्न हुने चरणमा रहेको र सो सडकमा पर्ने दुइवटा स्ल्याब कल्भर्ट निर्माणको लागि ठेक्का सम्झौता भई कार्य अगााडी वढीसकेको छ ।

- शेषमती सानोपुल बोहराटार नागार्जुन मा.वि. सडकको करिव ४.५ कि.मी सडकको लागि डिमार्केशन वाल सहित आवश्यक पूर्वाधार तयार गर्ने कार्य तिव्र रुपमा अगाडि बढिरहेको छ ।
- सडक डिभिजन कार्यालयवाट निर्माण कार्य भएको अष्टनारायण हल दगुर्नेपानी शेषमती लामवगर भेडीगोठ हुदै फिरफिरे डाँडाँ काभ्रेस्थली सम्मको करिव ५.५ कि.मी सडक निर्माण कार्य अन्तर्गत शेषमती पुलदेखि शिव मन्दिर सम्म कालो पत्रे गर्ने कार्य सम्पन्न भएको र बाँकी काम समेत सम्पन्न गर्न नगरपालिकाको तर्फवाट आवश्यक समन्वय र सहयोग भै रहेको व्यहोरा समेत जानकारी गराउन चाहन्छौं ।
- नेपालटार फुटुङ्ग साङ्गला सडकमा नगरपालिका र सडक डिभिजन कार्यालयबाट करिब २ कि.मि. कालोपत्रे र फुटुङ्ग देखि साङला सम्म डिमार्केशन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।
- प्रदेश सरकारसंगको समन्वयमा गोंगवुको नयाँ पुल देखि मानसिंह मा.वि हुदै न्यायिक प्रतिष्ठान सम्मको करिव १ कि.मी सडक ढलान कार्य अन्तिम चरणमा पुगेको छ ।
- महादेव खोला र साङ्गले खोला कोरीडोरका लागि सम्वन्धित निकाय संग आवश्यक समन्वय गरी वजेटको व्यवस्थापन भई तिव्र रुपले कार्य अगाडि बढिरहेको जानकारी गराउन चाहन्छौं ।
- शेषमती सानोपुल देखि कमेरेखोला सम्मको करिव ८०० मिटर सडक ठेक्का भई निर्माण कार्य भईरहेको छ ।
- सनफ्लावर स्कूलदेखि बस्नेतटार सम्म करिव २ कि.मि. सडक कालोपत्रे तथा ढलान कार्य अन्तिम चरणमा पुगेको छ ।
- काभ्रेस्थली मा.वि. देखि भ्याली पुल हुँदै फुटुङ्ग नागपोखरी जोड्ने सडकमा डिमार्केशन कार्य तिव्र रुपमा भईरहेको छ ।

- वडा नं. ११ स्थित नमूना नगर टोल भित्र ५०० मि. खानेपानीको पाइप लाईन बिस्तार कार्य सम्पन्न भएको छ ।
- वडा नं. ३ र धादिङ जिल्लाको सिमानामा रहेको ख्यालवुच्चा बस्तीलाई यातायातको पहुँच भित्र पुऱ्याउने गरी स्ल्याव कलर्भट निर्माण सम्पन्न भएको छ ।
- वडा नं. ६ र ८ को सिमानामा पर्ने महादेव खोलामा ११.२५ मि.को मितेरी पुल निर्माण भईसकेको साथै वडा नं. ५ र ६ मा १/१ गरी २ वटा स्ल्याव कल्भर्ट निर्माण सम्पन्न भएको छ ।
- वडा नं. २ मा ७५ हजार लि. क्षमता भन्दा माथिका ४ वटा, वडा नं. ३ मा २ लाख लि. क्षमता भन्दा माथिको एउटा खानेपानी ट्याङ्की निर्माण सम्पन्न भएको र वडा नं. ४ मा डिप बोरिङ्ग कार्य सम्पन्न भएको छ ।
- तारकेश्वर नगरपालिका र काठमाडौं महानगरपालिकाको साझेदारीमा तारकेश्वर मन्दिरको जिर्णोद्दार गर्ने कार्य भइरहेको छ ।

आ.व. २०७६/०७७ जेष्ठ मसान्त सम्म भए गरेका कार्यहरुको विवरण:

| कार्यक्रम/वडा | १ | २ | ३, ४ र ५ | ६ | ७ | ८ | ९ | १० | ११ | जम्मा मिटरमा/वटा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| बाटो ढलान कार्य | ४३२ | ३१८ | ४१०९ | ४११ | ५७५ | ९९८ | ११८६ | ५२४ | ८९ | ८२३१ |
| ब्लक ओछ्याउने कार्य | २७६ | | ८५८ | | | ७८८ | | १२३ | २५२ | २२९७ |
| ढल तथा मंगाल सूधार ह्यूमो पाइप समेत | १९७ | ९३५ | १०७४ | १००० | २८५ | २४० | २४० | ४७० | ९६ | ३५३७ |
| रिटेनिङ वाल निर्माण | १०६ | | २०२९ | | | ४० | ५३४ | | १०६ | २८१५ |
| ग्राभेल बाटो बनाउने कार्य | ६०० | ६४७ | ९४७ | | | | | | | २१९४ |
| खानेपानी पाइप लाइन विस्तार | ५००० | | ८६६२ | | | | | | ६६५ | १४३२७ |
| मन्दिर, पाटी चौतारा संरक्षण तथा निर्माण, सामूदायिक भवन | ४ | | ६ | ४ | २ | २ | ४ | | | १८ |
| पूल पूलेसा संरक्षण तथा निर्माण | १ | | १ | २ | | | | | १ | ३ |
| खानेपानी टैकी निर्माण | | १ | १ | | | | | | | २ |
| पार्क निर्माण | | | | | | | | | | ० |
| बाटो कालोपत्र | | | २५० | | | | | | | २५० |
| नया ट्रायाक निर्माण बाटो | | | ४०० | | | | | | | ४०० |
| डिप बोरिङ | | | १ | | | | | | | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सडक बत्ती | | | ३६१ | | | | | | | ३६१ |
| ट्रस निर्माण | | | १ | | | | | | | १ |
| पोखरी निर्माण | | | | | १ | | | | | १ |

*स्रोतः पूर्वाधार विकाश शाखा*

- ❖ अव्यवस्थित रुपमा सञ्चालित जग्गा खण्डिकरण कार्यलाई निरुत्साहित गर्दै कार्यविधि निर्माण गरि व्यवस्थित गर्ने कार्यको थालनी भएको छ ।

## ४) वातावरण तथा विपद् व्यवस्थापनः

विपद् व्यबस्थापन तथा राहत उद्धार कार्यको लागी रु २ करोड विनियोजन भएकोमा राहत उद्धार, भौतिक संरचना संरक्षण, भू-संरक्षण, मर्मत सम्भार र नदी नियन्त्रण समेतमा गरी रु. १ करोड १३ लाख रकम खर्च भएको छ ।

## ५) संस्थागत विकास सेवा प्रबाह र सुशासन

- ➢ नगरपालिका र वडा कार्यालयहरुमा नागरिक वडापत्र राख्ने कार्य भएको साथै सूचनामूलक सन्देश तथा कामको विवरण कार्यालयको website र डिजिटल डिस्प्ले बोर्ड मार्फत संप्रेषण गर्ने कार्य भई रहेको छ ।
- ➢ नगरपालिकाका विभिन्न सूचनाहरु गोरखापत्रराष्ट्रिय दैनिकमा अधिकतम छुट सहित प्रकाशन गर्ने कार्यको थालनी गरिएको छ ।
- ➢ नगरपालिका, वडा कार्यालय, स्वास्थ संस्था र सामुदायिक बिद्यालयहरुमा कार्यरत कर्मचारीहरुको ई-हाजिरी गर्ने कार्यको थालनी भएको छ ।
- ➢ नगरपालिका तथा वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई क्षमता बिकासको लागी आधारभुत कम्प्यूटर तालिम र सार्वजनिक खरिद सम्बन्धी तालिम प्रदान गरिएको छ ।
- ➢ आ.व. २०७५/०७६ को बेरुजु फछ्र्यौटका लागि सम्बन्धित व्यक्तिहरुलाई पत्राचार गरिएको छ ।

**कानून तर्फः**

नगरपालिकामा हाल सम्म ११ वटा ऐन र निर्देशिका तर्जुमा भई कार्यान्वयनमा रहेका छ । साथै आवश्यकतानुसार कार्यविधिहरु समेत निर्माण गरिएको छ ।

**न्यायिक समिति तर्फः**

न्यायिक समितिमा आ.ब. २०७६/०७७ मा जम्मा मुद्धा दर्ता संख्या ९६ वटा भएकोमा हाल सम्म मेलमिलाप भएका मुद्धा ५० वटा, फैसला भएका मुद्धा ४४ वटा र मुल्तबीमा राखिएका मुद्धा २ वटा रहेका छन् ।

**सभाअध्यक्ष महोदय,**

**नगरसभाका सदस्यज्यूहरु,**

चालु आ.व मा सञ्चालित योजना तथा कार्यक्रमहरुको कार्य सम्पादनको अवस्था स्वीकृत योजना तथा कार्यक्रमहरुको कार्य प्रगति जेठ मसान्त सम्म कूल बजेटको ३४.९० प्रतिशत मात्र रहेको छ । लक्षित योजना तथा कार्यक्रमहरु कोभिड-१९ का कारणले सोचे अनुरुप प्रगति हासिल गर्न नसकिएको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छौं । नगरपालिकाले लिएको विकास निर्माणको नीतिलाई सफल वनाउन सहयोग पुऱ्याउनु हुने सरोकारवाला निकाय तथा सम्पूर्ण नगरबासीहरुलाई नगरपालिकाको तर्फवाट आभार प्रकट गर्न चाहन्छौं ।

**सभाअध्यक्ष महोदय,**

**नगरसभाका सदस्यज्यूहरु,**

**अव म आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

स्थानीय तहको गठन पश्चात् संघीयताको कार्यान्वयन र लोकतन्त्रलाई संस्थागत गर्दै नगरको विकास कार्यमा जनताको प्रत्यक्ष सहभागिता सुनिश्चित गरी जनतालाई सार्वभौम बनाउने कार्यमा तारकेश्वर नगरपालिका निरन्तर रुपमा लागि रहेको व्यहोरा यस गरिमामय

सभामा जानकारी गराउदै आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**१) पूर्वाधार विकासः**

- नगरपालिकाको बस्ती विकासको लागि तारकेश्वर नगरपालिकाको भवन निर्माण तथा नक्सा पास सम्बन्धी मापदण्ड, २०७६ कार्यान्वयनमा ल्याइनेछ ।
- पूर्वाधार विकासमा विशेषगरी मूलसडकहरुलाई कालो पत्रे गर्ने कार्यलाई विशेष प्राथमिकतामा राखी बजेट विनियोजन गरिनेछ ।
- सडक तथा अन्य पूर्बाधारको मर्मत सुधार तथा स्तरोन्नति गर्न "मर्मत सम्भार कोष" स्थापना गरि सो कोष परिचालनका लागि आवश्यक कार्यविधि बनाई लागु गरिनेछ ।
- अनाधिकृत रुपमा निर्माण हुने संरचनाको नियन्त्रण गर्न आवश्यक नीति कार्यान्वयनमा ल्याइनेछ ।
- वडास्तरीय विकासमा टोल सुधार समितिलाई प्रोत्साहन गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरपालिका भित्र रहेका पुराना तथा धार्मिक महत्व बोकेका वस्तीहरुलाई सांस्कृतिक, ऐतिहासिक स्थानको रुपमा विकास गर्न आवश्यक कार्यको थालनी गरिनेछ ।
- सार्वजनिक जग्गा अतिक्रमण गर्ने, बाटो खोल्ने प्रबृत्तिलाई निरुत्साहित गरिनेछ ।
- पूर्वाधार विकासलाई वातावरण मैत्री वनाउन आवश्यक नीति तर्जुमा गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरणका योजना/कार्यक्रम बाहेक अन्य पूर्वाधार, निर्माण कार्यक्रमहरुको सम्झौता चैत्र मसान्त सम्म गरी सक्नु पर्ने नीति लिइनेछ ।
- भूकम्प पुननिर्माण कार्यक्रम अन्तर्गतका लाभग्राहीहरुले निर्माण गर्न बाँकी रहेका घर निर्माण कार्यमा आबश्यक सहजिकरण गरिने छ ।

## २) आर्थिक विकासः

## क) कृषि तथा पशु सेवा

- कृषि तथा पशु सेवा क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण र यान्त्रिकीकरण गरी गुणस्तरीय उत्पादनमा जोड दिइनेछ ।
- कृषि तथा पशुपालन पेशाबाट हुन सक्ने जोखिम न्यूनिकरण गर्न विमा कार्यक्रमलाई प्रोत्साहित गर्दै उक्त कार्यक्रमको निरन्तरता दिइनेछ ।
- कृषि उत्पादन र बजारीकरणमा देखिएको असन्तुलन, कृषकले उत्पादनको उचित मूल्य नपाउने गुनासो, उपभोक्ता र उत्पादक बीचको मूल्यमा हुने अन्तरलाई न्यूनीकरण गर्न आवश्यक कार्यक्रमहरु ल्याइनेछ ।
- कृषकहरुलाई प्रोत्साहन गर्न अनुदान, कृषि तालिम, आधुनिक कृषि प्रणाली र कृषि पूर्वाधार निर्माण जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- कौसी खेतीलाई शहरी कृषिको रुपमा विकसित गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कृषि उत्पादनलाई बृद्धि गर्न भूमि बैंकको अबधारणा लागू गर्दै जमिन बाँझो राख्ने प्रक्रियाको अन्त्य गरिनेछ ।
- अनुदानमा मुल बिउ प्राप्त गर्ने कृषि समुह/कृषकबाट उत्पादित उन्नत बिउ नगरपालिकाले नै खरिद गरि बितरण गर्ने नीति अबलम्बन गरिने छ ।
- पशु रोग नियन्त्रणका लागि खोप सेवा कार्यक्रम, रेविज नियन्त्रण कार्यक्रम तथा सामुदायिक कुकुर नियन्त्रण तथा ब्यबस्थापनका लागि वन्ध्याकरण तथा स्पेइङ्गजस्ता कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ ।
- कृत्रिम गर्भाधानबाट जन्मेका पाडा पाडी, बाच्छा बाच्छीहरुको तथ्याङ्क राखी  सुत्केरी गाई र भैंसी पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।

- वर्डफ्लुले गर्दा कुखुरा पालन व्यवसाय नै धरासायी हुने अवस्थामा पुगेकाले वर्डफ्लु नियन्त्रणका लागि खोपको व्यवस्थाका लागि आवश्यक पहल गरिने छ ।
- दुध तथा दुग्ध जन्य पदार्थको आपुर्ति गर्ने डेरी र स्वस्थ मासु आपुर्तिगर्ने मासु पसलहरुलाई सुधार गर्न साझेदारी कार्यक्रम ल्याइनेछ ।
- पशुपालकलाई दुध तथा मासुमा आत्मनिर्भर बनाउन गाई, भैंसी तथा वाख्रापालन व्यवसायको लागि गोठ सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
- बैदेशिक रोजगारीबाट फर्केकाहरुले आफ्नै शिप र क्षमताको बिकास गरि उत्पादनमुलक रोजगारीको सृजना गर्न चाहेमा निजहरुलाई नगरपालिकाबाट आबश्यक सहयोग उपलब्ध गराईने छ ।

**ख) पर्यटन**

- कोरोना भाइरसका कारण खस्किएको पर्यटन क्षेत्रलाई जीवन्तता दिन धार्मिक, सांस्कृतिक शैक्षिक लगायतका क्षेत्रसँग सम्बन्धित आन्तरिक पर्यटन प्रबर्द्धन गर्ने नीति लिइनेछ ।
- नगरपालिका भित्रका धार्मिक तथा पर्यटकीय संभावना बोकेका स्थानहरुको प्रचार प्रसारका लागि उक्त स्थानहरुको संक्षिप्त जानकारी सहितको हाते पुस्तिका र किताब प्रकाशन गरिनेछ ।
- नगरपालिका भित्र पर्यटनको विकासका लागि आन्तरिक र वाह्य पर्यटकीय सम्भावना बोकेका स्थानहरुको पहिचान गरी धार्मिक, ऐतिहासिक सम्पदाहरुको संरक्षण सम्वर्द्धन गर्दै पद मार्ग बिकासका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

**ग) सहकारी**

- सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि तालिम (गोष्ठी) सञ्चालन गरी सहकारीको क्षमता विकास गर्दै उत्पादनमूखी क्षेत्रमा लगानी गर्न सहकारी खेतीका लागि प्रोत्साहित गरिदै लगिनेछ ।

- आवश्यकता अनुसार सहकारीहरुलाई क्रमशः एकीकरण गर्दै लैजाने नीति अबलम्बन गरी सहकारीहरुको अनुगमन, नियमन कार्य प्रभावकारी बनाइनेछ ।

**घ) उद्योग तथा वाणिज्य**

- कृषि, फलफूल, जडिबुटी, लघु घरेलु तथा साना उद्योगको सञ्चालनमा प्रोत्साहनका कार्यक्रमहरु ल्याइनेछ ।
- उपभोक्ता हक हित संरक्षणका लागि कोभिड-१९ (कोरोना भाइरस) को त्रास रहेको अवस्थामा समेत अत्यावश्यक वस्तुको आपूर्ति ब्यबस्थापन चुस्त बनाउन बजार अनुगमन कार्यलाई निरन्तरता दिइनेछ ।
- लद्यु उद्यमको क्षेत्रमा सहकार्य गर्न विभिन्न निकायसँग समन्वय गरिनेछ ।
- उपभोक्ताहरुको हितलाई ध्यानमा राखि प्रत्येक वडाहरुमा सुपथ मुल्य पसल सञ्चालनको थालनी गरिनेछ ।

**३) सामाजिक बिकासः**

**क) स्वास्थ्य**

- कोरोना भाईरस (कोभिड-१९) लगायत् महामारी जन्य रोगहरु रोकथाम र नियन्त्रण गर्न बिशेष कार्यक्रम सञ्चालन गरिने छ ।
- कोरोना भाईरस (कोभिड-१९), बर्ड फ्लु, डेंगु तथा अन्य महामारीजन्य रोगहरु सम्बन्धी जनचेतनामूलक कार्यक्रम गरी आवश्यकतानुसार परीक्षण गरिनेछ ।
- साङ्गला प्राथमिक स्वास्थ केन्द्रलाई आबश्यक पूर्बाधार सहित व्यबस्थित क्वारेन्टिन सञ्चालनको तयारी भईरहेकोमा आबश्यकतानुसार अन्य स्थानहरुमा समेत थप गर्दै लगिने छ ।
- एम्बुलेन्स सेवा प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- वडा नं. ३ स्थित जितपुरफेदी स्वास्थ चौकीमा बर्थिङ्ग सेन्टर सञ्चालन गर्न आबश्यक पहल गरिनेछ ।

- नगरपालिकाको वडा नं. ४ स्थित शहरी स्वास्थ्य केन्द्र तथा वडा नं. ५ स्थित स्वास्थ्य चौकीमा ल्याव स्थापना गरी सो को ब्यबस्थापन गरिनेछ ।
- मृगौला रोग सम्बन्धि निःशुल्क परिक्षणको कार्यक्रमलाई अगाडी बढाईनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि उत्प्रेरणा तथा मनोबल बढाउने किसिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ७० वर्ष उमेर पुरा भएका सुगर र प्रेशर रोगका बिरामी ज्येष्ठ नागरिकहरुलाई कार्यविधि बनाई निःशूल्क औषधी वितरण गरिनेछ ।
- गर्भवती महिलालाई निःशूल्क रुपमा प्रदान गरिंदै आएको क्याल्सियम ट्याब्लेट वितरणलाई निरन्तरता दिइनेछ ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यकतानुसार सीप र दक्षता अभिवृद्धि गर्ने जस्ता तालिम दिई स्वास्थ्यकर्मीहरुको क्षमता बढाईनेछ ।
- साङ्गला प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी नगर अस्पतालको रुपमा स्थापित गर्न आवश्यक प्रक्रिया अगाडि बढाईनेछ ।
- सामुदायिक विद्यालयका किशोरीहरुलाई पाठेघरको क्यान्सर सम्बन्धी भ्याक्सिन दिने कार्य संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी सञ्चालन गरिनेछ ।
- ८० वर्ष माथिका ज्येष्ठ नागरिकरुको स्वास्थ्य जाँचको लागि घर दैलो स्वास्थ्य सेवा अझ प्रभावकारी बनाई घरदैलो अभियान कार्यक्रमलाई आगामी आ.व मा सवै वडामा सञ्चालन गरिने नीतिलाई निरन्तरता दिईने छ ।

## ख) शिक्षा तथा खेलकूद

- आधारभूत तहमा अध्ययनरत उमेर समूहका सम्पूर्ण विद्यार्थीहरुलाई विद्यालय भर्ना गराई आधारभूत तहको **“शैक्षिक सुनिश्चितता भएको नगरपालिका”** घोषणा गरिनेछ ।

- कोभिड-१९ को महामारीको कारण हाल कक्षा कोठामा पठनपाठन हुन नसकेको अवस्थामा विभिन्न अनलाईन, अफलाईन लगायतका सञ्चारको माध्यमका साथै वैकल्पिक शिक्षण मार्फत तोकिएको समयमा शिक्षण सिकाई क्रियाकलापहुने ब्यवस्था मिलाइनेछ ।

- शिक्षाको जग र बालबालिकाहरुको चौतर्फी विकासको लागि वालविकास केन्द्रको सुदृढीकरण गर्न अनिवार्य रहेकोले बालबिकास केन्द्रका सहयोगी कार्यकर्ताहरुलाई उत्प्रेरित गर्न अपरिहार्य भएकोले हाल संघीय सरकारले दिईरहेको पारिश्रमिकमा ५० प्रतिशत थप गरिनेछ ।

- सामुदायिक विद्यालयको बालबिकास केन्द्रमा अध्ययनरत सम्पूर्ण बालबालिकाहरुलाई निःशूल्क पोशाकको ब्यबस्था गरिनेछ ।

- सामुदायिक विद्यालयहरुलाई वातावरणमैत्री र प्रविधियुक्त बनाउन प्रोत्साहन गरिनेछ ।

- उत्कृष्ट विद्यालय, उत्कृष्ट शिक्षक/शिक्षिका र उत्कृष्ट विद्यार्थीहरुलाई प्रोत्साहन र पुरस्कृत गरिनेछ ।

- तारकेश्वर नगरपालिका खेलकूद कार्यविधि अनुसार खेलकूदलाई ब्यवस्थित रुपमा सञ्चालन गरी युवाहरुलाई सक्रिय गराइनेछ ।

- फुटवल क्षेत्रको विकासको लागि तारकेश्वर नगरपालिका वडा नं. ५ मा निर्माणधीन फुटवल मैदानलाई स्तरोन्नति गर्न आवश्यक पहल गरिनेछ ।

- खेलकूद विकासका लागि खेलकूदमा आबद्ध संस्थाहरुलाई क्रियाशील गराउन नगरस्तरीय खेलकूद समिति गठन गरी खेलकूदलाई पर्यटन विकाससँग आवद्ध गरिनेछ ।

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खेलकूद प्रतियोगितामा पदक प्राप्त गर्ने नगरका खेलाडीहरूलाई  पुरस्कार सहित सम्मान गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

- विद्यालयस्तरीय खेलकूद प्रतियोगिता र सांस्कृतिक प्रतियोगिता सञ्चालन गर्न आवश्यक सहयोग गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

**ग) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः (महिला विकास तर्फ)**

- महिला हिंसा तथा घरेलु हिंसामा परेका महिलाहरुको सहयोगको निमित्त मनोसामाजिक विमर्शकर्ता तथा सीपविकास तालिम सञ्चालनको साथै हिंसामा परेका महिलाको तत्काल राहत उपलब्ध गराउनका लागि कोषको स्थापना गरिनेछ ।
- महिलाहरुको आर्थिक, सामाजिक, साँस्कृतिक परिवर्तनका लागि क्रमशः योजना तथा उद्यमशिलता तालिमसंचालन गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।
- महिलाहरु सञ्चालक भई सञ्चालन हुने उद्योग व्यवसाय दर्तामा कर छुट दिने नीति अवलम्वन गरिनेछ ।
- एकल महिलाको हक हित संरक्षणका लागि विभिन्न सीपमूलक तालिमको साथै सहयोग कोषको स्थापना गर्ने नीति लिइनेछ ।
- बालमैत्री स्थानीय शासन सम्वन्धी नगर कार्य योजनाको निर्माण गरी कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ ।
- बालबालिकामा पर्न सक्ने मनोसामाजिक असर प्रभावलाई कम गर्न सामुदायिक विद्यालयका, बालगृहहरुमा सामाजिक मनोचिकित्सा सम्बन्धी प्रशिक्षण तालिम संचालन गर्ने नीति लिईनेछ ।
- वडा र नगरस्तरीय जेष्ठ नागरीक संजाल गठन गरी नगरको योजनामा ज्येष्ठ नागरिकहरुको अनुभव र सीपलाई  समाहित गर्ने नीति लिइनेछ ।
- अपाङ्गता भएका व्यक्तिको हक हितको सुरक्षा, सम्मान र प्रत्याभूति दिलाउनक्षमता विकास तथा सीप विकास कार्यक्रमहरु तयार गरी संचालन गरिनेछ ।
- नगर भित्रका अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क संकलन गर्ने कार्य गरिनेछ ।

- अपाङ्गता भएका व्यक्तिको लागि राज्यद्वारा प्रदान गरिने सेवा सुविधा बारेमा अडियो भिडियोबाट सूचना प्रवाह गरी सेवामा पँहुच पुऱ्याउने नीति लिइनेछ ।
- आदिवासी, जनजाति, दलित र सिमान्तकृत वर्गहरुको उत्थानको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- नगर भित्र स्थायी रुपमा बसोबास गरेका शैक्षिक बेरोजगारहरुका लागि निःशुल्क लोकसेवा तयारी कक्षा सञ्चालन गरिने साथै युवा लक्षित ड्राईभिङ्ग, मोवाईल मर्मत, कुक, वेटर लगायतका सीपमूलक तालिमको ब्यबस्था गरिनेछ ।

**घ) सांस्कृतिक प्रवर्द्धन**

- नगरमा रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्वका स्थानहरु र साहित्य कला संस्कृतिको संरक्षण तथा सम्बर्द्धन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरभित्रका पुरातात्विक महत्वका सम्पदाको संरक्षण एवं पुनःनिर्माणका लागि अभिलेख तयार गरिनेछ ।
- सांस्कृतिक धरोहरका रुपमा नगरक्षेत्र भित्र रहेका बाजाखलः, जात्रापर्व, लगायत सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।

**४) वातावरण तथा विपद् व्यवस्थापनः**

- पूर्वाधार विकास प्रक्रियामा विपद जोखिम न्यूनिकरणको अवधारणालाई आत्मसात गरिनेछ ।
- जोखिम सचेतना तथा न्यूनीकरण अभ्यास तालिम सञ्चालन गरिनेछ ।
- विपद ब्यबस्थापन कोषलाई मजबुत बनाउन कम्तीमा २ करोडमा नघट्ने गरी थप रकमको ब्यबस्था गरिनेछ ।

- वर्षायाममा हुन सक्ने विपद (आगलागी, बाढी, पहिरो, चट्याङ्ग, भुकम्प) न्यूनीकरणको लागि जनचेतनामूलक कार्यक्रम प्रचार प्रसार तथा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- वडास्तरीय विपद् व्यवस्थापन समितिलाई थप क्रियाशील बनाई विपद पूर्व तयारी कार्यलाई व्यवस्थित गरिनेछ ।
- विपदमा परेकाहरुको लागि राहत तथा पुनःस्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।
- आवश्यकतानुसार विपद ब्यबस्थापन गर्न उद्धार सामग्रीहरु भण्डारण गरिनेछ ।
- वन क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्दै बातावरणीय सन्तुलन कायम गर्दै वनजन्य क्षेत्रको बहुउपयोग गरी आय र रोजगारी सिर्जनालाई प्राथमिकता दिइनेछ ।
- नगरक्षेत्र भित्र रहेका सार्वजनिक जग्गालाई हरियाली क्षेत्रको रुपमा विकास गर्न नगरवासीको विशेष संलग्नतामा बृक्षारोपण कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।
- नगरक्षेत्र भित्र रहेका वन क्षेत्रको संरक्षण, पार्क निर्माण तथा बनक्षेत्र संग सम्बन्धित आय आर्जनका क्रियाकलापहरु संचालन गर्न अन्य निकायको सहकार्यमा कार्य गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- सामुदायिक वनहरुमा उपभोक्ता समिति मार्फत आय आर्जनका लागि जडिवुटि खेतीलाई प्रोत्साहन गरी जडीवुटी प्रशोधन उद्योगलाई निश्चित राजश्व छुट गर्ने नीति अवलम्वन गर्न समुदायीक वन उपभोक्ता समितिहरुलाई परिचालन गर्ने नीति लीइने छ ।
- जलाधार क्षेत्रको संरक्षण गरी स्वच्छ एवं सफा खानेपानीको व्यवस्थापनका लागि पहल गरिनेछ ।
- निकुञ्ज तथा बफरजोन क्षेत्र भित्र गरिने विकास निर्माणका लागि सरोकारवाला निकायसंग आवश्यक समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

- निजीक्षेत्रको समन्वयमा फोहोरमैला व्यवस्थापन गरी आन्तरिक आय स्रोतको रुपमा विकास गरिनेछ ।
- प्राकृतिक वातावरणको संरक्षण पुनःस्थापना र दिगो उपयोगमा जोड दिँदै पानी, वायु तथा ध्वनी प्रदुषण न्यूनिकरणका उपायहरु अवलम्वन गरिनेछ ।
- सरसफाई कार्यलाई अभियानको रुपमा संचालन गर्न प्रत्येक वडामा आफ्नो वडा क्षेत्रभित्र मासिक रुपमा वडा सरसफाई कार्यक्रम अभियानको रुपमा संचालन गरिनेछ ।
- सरसफाइको लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- तारकेश्वर नगरपालिकामा फोहोर ब्यबस्थापन गर्ने संस्थासँग समन्वय र सहकार्य गरिनेछ ।
- वातावरणीय प्रभाव मूल्याङ्कन (EIA र IEE) गर्ने कार्यलाई जोड दिइनेछ ।
- नगरक्षेत्र भित्र भएर बग्ने खोल्सी तथा नदीनालालाई स्वच्छ र सफा राख्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- नगर क्षेत्रमा रहेका पोखरी, जलाशय, ढुंगेधारा तथा खानेपानी मुहानहरूको संरक्षण र सम्बर्द्धन गरी जलश्रोतको सदुपयोगका लागि आवश्यक कार्य गरिनेछ ।
- अन्तर नगरपालिका एवं प्रदेश सरकार समेतको लागत साझेदारी कार्यक्रमवाट खुल्ला क्षेत्र र पुरातात्विक महत्वका क्षेत्रको संरक्षण र सम्वर्द्धन गरि हरियाली क्षेत्रको विकास एवं पुरातात्विक सम्पदाको संरक्षण गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।
- पानीको श्रोत/उद्गमस्थल पहिचान गरी स्वच्छ र सफा खानेपानी वितरण गरिनेछ ।
- स्वच्छ खानेपानीको लागि एक घर एक धारा कार्यक्रम लागू गरिनेछ ।
- खानेपानी आपूर्तिमा सहजताको लागि संघीय सरकार तथा प्रदेश सरकारको सहयोगमा डिप बोरिङ्ग कार्य गर्न आवश्यक पहल गरिनेछ ।
- मन्दिर, पाटी, पौवा, धारा, कुवा, खोला सफाई कार्यलाई निरन्तरता दिईनेछ ।

**५) संस्थागत विकास, सेवा प्रबाह र सुशासन**

**क) संस्थागत विकास एवं सुशासन :**

- नगरपालिकाको विविध गतिविधिहरुको बारेमा सबै नागरिकहरुमा जानकारी गराई सुशासन अभिवृद्धि गर्न नगरपालिकाको Website अझ व्यवस्थित र नगर मोबाइल एप्सको प्रयोगलाई विस्तार गर्दै सुचनाको हकको पहुँच आम नागरिक समक्ष पुऱ्याउने कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाबाट भए गरेका बिकासका गतिबिधिहरु समेटी ब्रोसर, बुलेटिनहरु नियमित रुपमा प्रकाशन गर्ने व्यबस्था मिलाइने छ ।
- समय सापेक्ष जनप्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक वजेटको ब्यबस्था गरिनेछ ।
- विद्युतीय वोलपत्र प्रणालीलाई अवलम्बन गरी ठेक्का व्यबस्थामा देखिएको विकृतिलाई हटाउने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाको विधमान दरवन्दीमा O & M Survey गरी अति आवश्यक पर्ने प्राविधिक र अन्य जनशक्ति मिलान गरी नियमानुसर पदपूर्ति गर्ने व्यबस्था मिलाइनेछ ।
- कर्मचारीलाई उत्पेरित गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन कार्यसम्पादन सूचकको आधारमा सुविधा उपलव्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाको सूचना सम्प्रेषण प्रणालीलाई भरपर्दो र प्रभाबकारी बनाउन संचारकर्मीहरु संग समन्वय गरिनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास तथा तालिम कार्यक्रममा एकरुपता कायम गर्न उपयुक्त संरचना निर्माणमा पहल गरिने छ साथै अध्ययन अवलोकन भ्रमणका कार्यक्रमहरु गरिनेछन् ।
- सेवा प्रवाहका सन्दर्भमा प्राप्त हुन आएका सुझाव सल्लाहहरु एवं गुनासो र उजुरीको सुनुवाई तत्कालै गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

- नगरपालिकाको न्यायिक सम्पादन प्रणाली अझै प्रभावकारी र व्यवस्थित वनाइनेछ साथै नगरस्तरीय र वडास्तरीय मेलमिलाप केन्द्रहरु जनमैत्री तुल्याइने छ ।
- नगरको आवश्यकता अनुसार ऐन, कानुन, निर्देशिका, कार्यविधि निर्माण र संसोधन गर्दै लगिनेछ ।
- वडास्तरीय मेलमिलाप केन्द्रको स्थापना गरी मेलमिलापको माध्यमबाट बिवादको समाधान गरिनेछ ।
- सुरक्षा व्यबस्थाको लागि आबश्यकतानुसार नगर प्रहरीको जनशक्ति बृद्धि गर्दै लगिनेछ ।

**ख) सूचना प्रविधिः**

- नगरपालिकाको पार्श्वचित्र (Digital Profile) गुरुयोजना (Master Plan) आ.ब. २०७७/७८ मा तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- नक्सा पास लगायतका आवश्यक तथ्याङ्क र फाइलहरु Digitalization प्रविधि मार्फत व्यबस्थापन गर्दै लगिनेछ ।
- नगरपालिका तथा वडा कार्यालयहरुमा Smart Help Desk को ब्यवस्थापन गरिंदै लगिनेछ ।
- नगरपालिकाको प्रगति विवरण तथा विभिन्न गतिविधिहरु चौमासिक, अर्धवार्षिक र वार्षिक रुपमा बुलेटिन तथा वेभसाइट मार्फत सूचना संप्रेषण गर्दै लगिनेछ ।
- नगरपालिका क्षेत्र भित्र एफ एम रेडियो सञ्चालन कार्यलाई अगाडी बढाउन आबश्यक पहल गरिनेछ ।
- समयानुकुल परिवर्तित सूचना प्रविधिको प्रयोग गरी नगरपालिकालाई आधुनिक सूचना प्रणालीयुक्त नगरपालिकाको रुपमा स्थापित गरिंदै लगिनेछ ।

**ग) राजश्व परिचालन**

- नगरपालिकालाई वार्षिक तथा निरन्तर रुपमा प्राप्त हुने खालका श्रोत र दायरा पहिचान गरी सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई राजश्वको दायरामा ल्याइनेछ ।

- नगरपालिकाको कर प्रशासनलाई करदातामैत्री बनाउन सो सँग सम्बन्धित क्षेत्रसँग आवश्यक समन्वय गरी करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
- हाल नगरकार्यपालिकावाट लिदै आएका करका क्षेत्रले समेट्न नसकिएका क्षेत्रका व्यवसायहरुलाई समेटी करको दायरामा ल्याईने नीति अवलम्बन गरिनेछ ।
- समयमानै करदाताहरुले कर तिर्ने वातावरण श्रृजना गर्नका लागि वार्षिक रुपमा करदातालाई उत्प्रेरित गरी समयमा नै कर तिर्ने करदाताहरुका लागि विशेष कर छुटको व्यवस्था लगायत जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- राजस्व सुधार नीति अनुरुप स्थानीय सरकारले लिन सक्ने राजस्वका थप क्षेत्रहरुको समेत अध्ययन गरी राजस्व प्राप्त गर्न सक्ने क्षेत्रहरुमा बहुवार्षिक योजना तथा कार्यक्रमहरुमा समावेश गरी दीर्घकालिन राजस्व प्राप्ति सुधारका क्षेत्रहरु बढाउने नीति लिईनेछ ।
- नगरपालिकालाई वार्षिक तथा निरन्तर रुपमा प्राप्त हुने खालका राजस्वको श्रोत र दायराहरु पहिचान र विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगरभित्रका उत्कृष्ट करदाताको छनोट गरी सम्मान गर्ने कार्यको थालनी यसै आ.व. देखि थालिनेछ ।
- कर प्रशासन सम्बन्धी प्रक्रियालाई सरल र पारदर्शी बनाइनेछ ।
- कोभिड-१९ का कारण आम नागरिकहरुमा पर्न गएको असरलाई मध्यनजर राख्दै करदाताहरुलाई उत्प्रेरित गर्न आर्थिक ऐन, २०७७ मा समेटी तोकिएका क्षेत्रहरुमा केही कर छुटको ब्यबस्था गरिनेछ ।

**कानून तर्फः**

- आबश्यक ऐन तथा कार्यविधिहरु निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ । संघ र प्रदेशबाट तर्जुमा भएका कानूनहरुको आधारमा आवश्यकता अनुसार थप कानूनहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

**न्यायिक समिति तर्फः**

- ❖ न्यायिक प्रक्रियालाई छिटो छरिदो र सरल बनाउँदै सबैको सहज पहुँच सुनिश्चिता गरिनेछ । घरेलु हिंसा पिडित महिला, एकल महिला, अपाङ्गगता भएका व्यक्ति, दलित, वालबालिका र ज्येष्ठ नागरिकहरुलाई न्यायमा सहज पहुंच पुराउन नगरपालिकामा लाग्ने दस्तुरहरुलाई निःशुल्क गरि कानूनी सहायता उपलब्ध गराईनेछ । हिंसा र द्वन्द रहित समाज निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**नगरसभाका सदस्यज्यूहरु,**

नगरपालिका क्षेत्रमा हाल वसाईंसराई गरी आउने क्रम तिव्र रुपमा बढी जनघनत्व बढिरहेको हुँदा नागरिकको माग र चाहना बमोजिम सेवा दिनु पर्ने अवस्थामा नगरपालिका रहेको छ । तीव्र रुपमा वृद्धि हुदै गएको जनसांख्यिक अवस्थालाई विश्लेषण गर्दा आर्थिक सामाजिक अवस्था सुधार गर्न नगरपालिकाले अझै धेरै कार्य गर्नु पर्ने अवस्था विद्यमान रहेको छ । नगरपालिकाको संरचनागत र संस्थागत विकास भई विकास निर्माण कार्यले गति लिन थालेको छ । बस्ती विकास संगै नगरपालिका क्षेत्र भित्रका बाटो घाटोको सुधार, खानेपानीको व्यबस्था लगायतको भौतिक पूर्वाधार विकास गर्नु पर्ने अवस्था विद्यमान रहेको छ । ग्रामीण क्षेत्रको बाहुल्य रहेको यस नगरपालिका क्षेत्रमा आर्थिक रुपले सक्रिय जनशक्ति कामको खोजीमा अन्यत्र गएको अवस्थाले गर्दा यस क्षेत्रका कतिपय खेतीयोग्य जमिन बांझो रहन गएको छ । नगरको विशेष गरी ग्रामीण क्षेत्रमा पहिला देखि नै छरिएर बसोबास रहेका कारण आधारभूत सेवा प्रवाहमा कठिनाई उत्पन्न भएको छ । त्यसैगरी भू–उपयोग अवस्था उत्तिकै चिन्ताजनक रहेको छ । खुला तथा सार्वजनिक क्षेत्रको संरक्षण पर्याप्त मात्रामा हुन सकिरहेको छैन । वातावरणमैत्री र व्यवस्थित शहरीकरणको अभाव रहन गएको छ । विना अध्ययन मौलिक प्राकृतिक स्वरुपमा निर्मम प्रहारका कारण वातावरणीय विनासबाट उत्पन्न हुने खतरालाई मौजुदा अवस्थामा हामीले सामना गर्नु पर्ने अवस्था रहेको छ ।

काठमाण्डौ महानगरपालिका र टोखा नगरपालिकासँग सिमाना जोडिएको यस नगरपालिका धादिङ तथा नुवाकोट जिल्लासँग पनि सिमाना जोडिएको हुनाले प्रदेशस्तरीय सडक पूर्वाधार

विकासको सम्भावना रहेको छ । धार्मिक, पुरातात्विक, पर्यटकीय महत्व बोकेका तारकेश्वर महादेव, मनमैजु मन्दिर, पुरानो गुह्येश्वरी, पाँचमाने, जितपुर, शान्तिधाम, भुवनेश्वरी जस्ता सम्पदाहरुले सार्वजनिक निजी साझेदारीको अवसर सहितको लगानी माग गरेका छन् । फोहरमैला व्यवस्थापन, अन्तर जिल्ला सडक, पर्यटन पूर्वाधार जस्ता क्षेत्रमा साझेदारीका सम्भावनाहरु रहेका छन् । यही सम्भावनालाई मुर्तरुप दिने कार्यमा प्रदेश सरकार र काठमाण्डौ महानगरपालिकासँगको साझेदारीमा योजना कार्यान्वयन गर्ने पक्रियाको थालनी गरिएको छ । नगरपालिकाको पूर्वाधार विकास निर्माण कार्यमा विभिन्न निकायसंग लागत साझेदारीमा कार्य गराउने प्रक्रियालाई आगामी दिनमा अझ व्यवस्थित र परिणाममुखी बनाउदै लगिने नीतिलाई निरन्तरता दिइनेछ । अन्तर्राष्ट्रिय मञ्चमा समेत नगरपालिकाको उपस्थिति जनाउने कार्यलाई अगाडि बढाइएको छ ।

**सभाध्यक्ष महोदय,**

**नगरसभाका सदस्यज्यूहरु,**

**अव म बजेट तथा कार्यक्रमका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु:**

आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रमका आधारहरु निम्नानुसार लिइएको छ:-

- नेपालको संविधान,
- पन्ध्रौं योजना,
- स्थानीय सरकार संचालन ऐन, २०७४,
- संघीय तथा प्रदेश सरकारबाट जारी कानून, मार्ग निर्देशनहरु तथा परिपत्रहरु,
- नगरपालिकाबाट गठित विभिन्न विषयगत समितिहरुबाट प्राप्त सुझावहरु,
- सरोकारवाला तथा विज्ञहरुको राय सुझावहरु,
- नगरपालिकाको जनसंख्या,
- नगरपालिकाको भौगोलिक अवस्था ।

**अब म आ.ब. २०७७/०७८ को वजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

बजेट तथा कार्यक्रमका निम्न उद्देश्यहरु रहेका छन् ।

- ✓ सबै प्रकारका प्रकोप, महामारी र विपदबाट जीवन रक्षा गर्दै नगरवासीलाई सुरक्षित बनाउने,
- ✓ नगरवासीहरुको आर्थिक सामाजिक अवस्थामा सुधार गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्ने,
- ✓ उपलब्धश्रोत साधनको अधिकतम प्रयोग गर्दै न्यायोचित बितरण गर्ने,
- ✓ पूर्वाधार विकासमा जनसहभागिता अभिवृद्धि गर्दै विकासमा अपनत्व जगाउने,
- ✓ सेवा प्रवाहलाई सरल, मितव्ययी र पारदर्शी बनाउँदै नगरपालिकाप्रति आमनागरिकहरुको आस्थालाई अभिबृद्धि गर्ने ।

उपरोक्त उद्देश्यहरु हासिल गर्न देहायका प्राथमिकताका क्षेत्रहरु निर्धारण गरिएको छ ।

- ✓ स्वास्थ्य, कोभिड रोग नियन्त्रण र रोकथाम,
- ✓ कृषि तथा पशु सेवा,
- ✓ पूर्वाधार विकास (सडक, पुल, भवन, सिंचाई, खानेपानी, पार्क निर्माण आदि),
- ✓ व्यवसायिक शिक्षा,
- ✓ पर्यटन,
- ✓ वातावरण, फोहरमैला तथा विपद व्यवस्थापन,
- ✓ सुशासन तथा संस्थागत विकास,
- ✓ सुचना तथा सञ्चार,
- ✓ सहकारी,
- ✓ युवा तथा खेलकुद,

**सभाध्यक्ष महोदय,**

**नगरसभाका सदस्यज्यूहरु,**

**अब म क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

आगामी आर्थिक बर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. १ अर्ब ४५ करोड ९१ लाख १७ हजार रुपैयाँ विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालू तर्फ रु. ५४ करोड ८७ लाख अर्थात ३७.६ प्रतिशत, पुँजीगत तर्फ रु. ९१ करोड ४ लाख १७ हजार अर्थात ६२.४ प्रतिशत रहेको छ ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक आम्दानीबाट रु. १६ करोड १४ लाख ४० हजार, राजस्व बाँडफाँडबाट रु. २७ करोड ४४ लाख ७५ हजार, संघीय सरकारबाट रु. ५४ करोड ४ लाख, प्रदेश सरकाबाट रु. ९ करोड ५९ लाख २ हजार, अन्य स्थानीय तहबाट रु. ४ करोड, विशेष कोष अन्तर्गत रु. २४ लाख, अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट रु. ९ करोड ४५ लाख, जनसहभागिताबाट रु. ५ करोड र अन्य आयबाट रु. २० करोड जुटाइनेछ ।

**अन्तमा,**

तारकेश्वर नगरपालिकाको सातौं नगर सभा सफलरुपमा सम्पन्न गर्न आ-आफ्नो क्षेत्रवाट रचनात्मक सुझाव र सहयोग पुऱ्याउनु हुने नगर सभाका सदस्यज्यूहरु, विषयगत समितिहरु, राजनीतिक दलहरु, शुभेच्छुक महानुभावहरु, सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदी बहिनीहरु, सञ्चारकर्मीहरु तथा नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुमा हार्दिक धन्यबाद ब्यक्त गर्न चाहान्छु । वजेट कार्यान्वयनका लागि आगामी दिनहरुमा यहाँहरुको पूर्ण सहयोग, साथ र सहभागिताको अपेक्षा समेत गर्दछु । साथै मुलुक भित्र र बाहिर रहनु भएका सबै नेपाली दिदी बहिनी तथा दाजु भाईहरलाई कोभिड-१९ को जोखिमबाट सुरक्षित रहंदै सबल, समृद्ध र न्यायपूर्ण समाज निर्माणमा योगदान गर्न आह्वान गर्दछु ।

**धन्यवाद।**